STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031831, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज २० गते बुधबार ❑ 6 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

श्रोतको पहिचान सहित करको दायरा बृद्धि गर्नुपर्ने अबस्था छ: मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, १९ असोज

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले नयाँ श्रोतहरुको पहिचान सहित तत्काल कर दायरा बृद्धि गर्नुपर्ने अबस्था रहेको बताएका छन् । गण्डकी प्रदेशको अर्थ मन्त्रालयले मंगलबार पोखरामा आयोजना गरेको प्रदेश सरकारको आन्तरिक राजश्व नविन क्षेत्रहरुको पहिचान, सुधार र सम्भावना बिषयक छलफल कार्यक्रम बोल्दै मन्त्री बरालले प्रदेशमा दाहित्व बढ्दै जादा नयाँ श्रोतहरुको पहिचान सहित तत्काल करको दायरा बृद्धि गर्नुपर्ने अबस्था रहेको बताएका हुन् ।

उक्त छलफल कार्यक्रममा सहभागिहरुले करको दर भन्दा दायरा फराकिलो पार्न सुझाव दिदै देशै भरी करिब ५० प्रतिशत जसो विना दर्तामा व्यवसाय संचालन भएकोले उनीहरुलाई करको दायरामा ल्याउन दिएको सुझावमा मन्त्री बरालले त्यस तर्फ प्रदेश सरकारको ध्यान केन्द्रित हुने बताए । वक्ताहरुले उद्योग धन्दा तथा व्यवसाय संचालनमा अझै झनझटिलो प्रकृया भएको बिषयमा मन्त्री बरालले त्यसलाई सहजीकरण गर्न प्रदेश सरकारले आवश्यक पहल गर्ने जनाए ।

प्रदेशको दिगो आर्थिक विकासको लागि अनुसन्धान गर्ने आफुहरु योजनामा रहेको उनले बताए । उपलब्ध नहुने ठाँउमा समेत पुंजि खर्च भएकोले त्यस्ता चुहावट रोक्नुपर्ने मन्त्री बरालको भनाई थियो । द्धन्द नभई आर्थिक विकास समेत नहुने बताउदै मन्त्री बरालले अन्तर बिरोधको बाबजुत चुनौतीको सामना गर्दै विकास गर्न आफुहरु कटिवद्ध भएको जनाए ।

गण्डकी प्रदेशका प्रमुख सचिव डा.दामोदर रेग्मीले करको दायरा अबस्था हेरी बढाउनु पर्ने बताए । बहुबर्षीय योजनाको नाममा सुरुमा सानो रकम विनियोजन गर्ने त्यस पछि करोडौं बजेट विनियोजन गरेर आन्तरिक श्रोत सुनिश्चित नभई दाहित्व बढाउने परिपार्टीले प्रदेशलाई समेत श्रोत व्यबस्थापनमा कठिन हुदै आएको उनले गुनासो गरे । प्रदेश सरकारले टुक्रे योजनालाई अझै पनि प्रथामिकता दिने गरेको उनको उनले जनाए । प्रत्येक कार्यालयलाई कार्ययोजना बनाउन सुझाव दिदै प्रमुख सचिव रेग्मीले कर प्रशासनमा सुधार गर्नुपर्ने जनाए । उनले भने" करको दर न्युन राख्नु पर्छ, कर प्रशासन प्रभावकारी बनाउनु पर्छ, स्थानिय तहमा भएको बाधा अड्चनलाई फुकाउने काममा प्रदेशले सहकार्य गर्नु पर्छ, ढुगा गिटी वालुवा संकलन गर्ने कर केन्द्रमा ध्यान केन्द्रित गर्न सके राजश्व बृद्धि हुन्छ । "गण्डकी प्रदेश सभाका अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालाले छलफलमा उठेका बिषयलाई कार्यायोजना बनायर अघि बढ्न सुझाव दिए ।

गण्डकी प्रदेशका निती तथा योजना आयोगका उपाध्यक्ष डा.रघुराज काफ्लेले आर्थिक गतिविधि बढाउने तर्फ प्रदेश सरकारको ध्यान केन्द्रित भएको बताए । उनले भने "आजका मिति देखि लाग्ने राजश्वलाई दोब्बर बृद्धि गर्ने मन्त्रीको योजना अनुरुप हामी पनि लाग्ने छौं ।" पूर्व गर्भनर एवं निती तथा योजना आयोगका पूर्व उपाध्यक्ष दीपेन्द्र बहादुर क्षेत्रीले तीन तहका सरकारहरुले महत्वकाक्षि योजना बनाउने तर कार्यान्यनमा फितलो भएको आरोप लगाए । राजनीतिक कारणले गर्दा विकास निर्माणमा प्रत्यक्ष प्रभाव, केन्द्रिकृत सोच, केन्द्र सरकारसंग श्रोत बढी राख्नुले प्रदेशले जनताको भावना अनुसार काम गर्न नसकेको उनले दाबी गरे । एकल अधिकारका रुपमा रहेको कृषि आयमा बृद्धि गर्न कृषि र सिंचाई मन्त्रालयको समन्वयमा पकेट क्षेत्र पहिचान गरी उत्पादनमा जोड दिनुपर्ने पूर्वगभर्नर क्षेत्रीको भनाई थियो । टुक्रे योजनालाई अझै प्रथामिकता दिने र मन्त्रीलाई कमिसन दिने सिस्टम भएको उनले दाबी गरे । सवारी साधनहरु यही प्रदेशमा दर्ता गर्नु पर्ने सिस्टम ल्याउनु पर्ने, यहाँ धेरै चुहावट भएको उनको भनाई थियो । अहिले पनि पोखरामा पर्यटकलाई पाखुरामा तानेर बढी रकम अशुल्ने गलत प्रबृत्ति भएको पूर्वगभर्नर क्षेत्रीको दाबी छ ।

आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख कर अधिकृत ऋषिराम पोखरेलले आफ्नो अभिभाज्य कोषको रकम गतबर्ष नआएको बताए । आफ्नो कार्यालयबाट हाल सेवा सुविधा बिद्युतीय माध्यमबाट प्रवाह गरेको उनले जनाए । पृथ्बीनारायण क्याम्पसको अर्थ शास्त्र विभागीय प्रमुख प्रा.डा.लेखनाथ भट्टराईले अनुसन्धान र रिसर्चको आधारमा योजनाहरु छनौट गर्नुपर्छ बताए । विश्वबिद्यालयमा धेरै विज्ञहरु काम नपाएर भौतारिएको अबस्थामा विकास निर्माणको लागि आफुहरुसंग सहकार्य गर्न उनले सुझाव दिए । व्यवसायीहरुसंग समन्वय, तथ्याङक आवश्यक, करको दर बृद्धि गर्ने उपाय सहित आर्थिक विस्तार गर्नुपर्ने प्रा.डा. भट्टराईले जनाए । उनले भने "हाम्रो परिवेसमा विश्वबिद्यालयलाई नपत्याउने तर एनजीओलाई पत्याउने परिपार्टी रहेको छ, विश्वबिद्यालयको टोलीलाई अनुसन्धान गर्ने जिम्मा दिए हामी जिम्मेवार बहन गर्न तयार छौं ।" प्रदेश सरकारलाई जनतामुखि र दिगो बनाउन प्रदेशमा बढी बजेट विनियोजन गर्नु पर्ने उनले धारणा व्यक्त गरे ।

पोखरा पर्यटन परिषदका अध्यक्ष गोपी बहादुर भट्टराईले पर्यटनलाई चलायमान बनाउन, कर्मचारी विदामा घुमघाममा निस्कने सिस्टम, आर्थिक कृयाकलाम चलायमान बनाउदै जादा राजश्व बृद्धि हुने दाबी गरे । छलफलमा उठेका कुरा कान्वयनमा ल्याउन आग्रह गर्दै उनले कोरोनाले प्रभावित भएकाहरुलाइ केही राहत प्याकेज आवश्यक भएको जनाए ।सरकारी केही निकायमा अझै धेरैको मिलेमतोमा भ्रष्टचार भएको दाबी गरे । असार मसान्तरमा रकमान्तर गरी गुणस्तर हिनको काम हुने गरेको अध्यक्ष भट्टराईले बताए । टिम्समा करिब २५ करोड संकलन भएको उल्लेख गर्दै उनले उक्त रकमले मजदुरमा राहत दिन प्याकेज ल्याउन माग

बाँकी अन्तिम पृष्ठमा ▶▶

गण्डकीमा १२४ जना कोरोना संक्रमणमुक्त

पोखरापत्र संवाददाता
गण्डकी, १९ असोज

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा १२४ कोरोना सङ्क्रमणमुक्त भएका छन् ।

यस अवधिमा १०० सङ्क्रमित थपिएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र गण्डकी प्रदेशका संयोजक नवराज शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार थपिनेमा कास्कीका ४४, बाग्लुङका १३, स्याङ्जा र नवलपरासी पूर्वका १०/१०, म्याग्दी र गोरखाका सात/सात, तनहुँका पाँच, पर्वतका तीन र लम्जुङका एक जना छन् ।

अद्यावधिक विवरणअनुसार प्रदेशमा कुल सङ्क्रमितको सङ्ख्या ८६ हजार ८८ पुगेको छ । हालसम्म प्रदेशमा ८३ हजार ६८२ सङ्क्रमणमुक्त भएका छन् भने सक्रिय सङ्क्रमित एक हजार ३५ छन् ।

प्रदेशमा कोरोना सङ्क्रमण भई मृत्यु हुनेको सङ्ख्या एक हजार ३७१ पुगेको निर्देशनालयले जनाएको छ ।

अदालतको अवहेलना नभएको ठहर

रासस
काठमाडौं, १९ असोज

सर्वोच्च अदालतले तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको प्रमाणपत्रका विषयमा डा गोविन्द केसीले दिएको अभिव्यक्तिसम्बन्धी मुद्दामा अदालतको अवहेलना नभएको फैसला गरेको छ ।

न्यायाधीश दीपककुमार कार्की, डा आनन्दमोहन भट्टराई, हरिकृष्ण कार्की, मीरा खड्का, प्रकाशमान सिंह राउत, ईश्वर खतिवडा र विश्वम्भरप्रसाद श्रेष्ठको बृहत् पूर्ण इजलासले गत माघ २३ गतेको फैसलाको मंगलबार सार्वजनिक गरेको पूर्णपाठमा अवहेलना नभएको ठहर गरेको हो । "न्याय सम्पादनमा अवरोध गर्ने वा अदालतका आदेश वा फैसलाको अवज्ञा गर्ने कार्यलाई रोक्ने अदालतको अन्तरनीहित अधिकारको सन्दर्भमा मुद्दाको उठेको विषयवस्तु र अवहेलना भयो भनी दाबी गरिएको कार्य कति गम्भीर छ", फैसलामा भनिएको छ, "यसले अदालतको निष्पक्षता उपर प्रत्यक्ष आक्रमण गरेको वा सर्वसाधारणको नजरमा न्यायिक कार्यप्रति भ्रम फैलाउने वा न्यायालयको प्रतिष्ठामा आँच पुऱ्याउने कार्य गरेको छ वा छैन भनी हेर्नुपर्ने र त्यस्ता कार्य भए/गरेको देखिएमा अवहेलनामा कारबाही र सजाय गर्न मिल्ने हो ।"

फैसलामा शक्तिको प्रयोग गर्दा संविधानप्रदत्त हक र स्वच्छ सुनुवाइका मान्यताहरूबारे समेत गहिरिएर विचार गरी सन्तुलित र सहिष्णु दृष्टिबाट निष्कर्षमा पुग्नुपर्ने उल्लेख छ ।

फैसलामा भनिएको छ, "अवहेलना भयो भनी उठाइएका विषयमध्ये कान्तिपुर दैनिकद्वारा प्रकाशित समाचारले अदालतको अवहेलना भयो भन्ने आधारको पुष्टि नगरेको र प्रा डा गोविन्द केसीउपरको कारवाहीको हकमा उहाँद्वारा प्रकाशित विज्ञप्ति र अभिव्यक्ति अशोभनीय देखिए पनि उहाँविरुद्दको कारबाहीमा स्वच्छ सुनुवाइको सिद्दान्तको सहीरूपमा अनुशरण गरिएको नपाइँदा दोषी ठहर गर्न नमिल्ने भएबाट अवहेलनामा सजाय हुनुपर्छ भने दाबी पुग्न नसक्ने भई दुवै दाबी खारेज हुने ठहर्छ ।"

सरकार फेरिएसँगै योजना र नीति फेरिने परिपाटी नै समस्या- अर्थमन्त्री शर्मा

रासस
काठमाडौं, १९ असोज

अर्थमन्त्री जनार्दन शर्माले कोभिड-१९ ले समग्र अर्थतन्त्र, सुशासन र मानव जीवनलाई प्रभावित तुल्याएको बताउनुभएको छ । राष्ट्रियसभा, दिगो विकास तथा सुशासन समितिको आजको बैठकमा मुलुकमा वित्तीय सुशासन र दिगो विकास लक्ष्यका अवस्थाबारे जानकारी दिँदै उहाँले अहिले सिर्जना भएको परिस्थिति सामना गर्न विकास लक्ष्य एवं योजनामा ठूलो सुधारको चुनौती र आवश्यकता औंल्याउनुभयो ।

अर्थमन्त्री शर्माले भन्नुभयो, "विकास रणनीति, लक्ष्य निर्माण एवं कार्यान्वयन आफैंमा अन्तरविरोधी छन्, सरकार र मन्त्री परिवर्तन भएसँगै योजना र नीति फेरिँदै जाने खाले परिपाटी यो नै सबैभन्दा ठूलो समस्या हो ।" संविधानअनुरूप सङ्घीय लोकतान्त्रिक गणतन्त्रले आत्मसात् गरेको समाजवादोन्मुख अर्थतन्त्र कस्तो हो भन्ने चित्र नै नरहेको उल्लेख गर्दै उहाँले संविधानमा उल्लेख गरेको विषय हाम्रा योजना र कार्यक्रमा नसमेटिएको बताउनुभयो । अर्थमन्त्री शर्माले भन्नुभयो, "जनताले पनि बुझ्ने स्पष्ट विकासको चित्र आवश्यक छ, कुन योजना कति, कसरी कार्यान्वयन

बाँकी अन्तिम पृष्ठमा ▶▶

मन्त्री थापासँग वन कर्मचारीको गुनासो

पोखरापत्र संवाददाता
तनहुँ, १९ असोज

गण्डकी प्रदेशका वन, वातावरण तथा भूसंरक्षणमन्त्री दीपक थापाले सोमबार डिभिजन वन कार्यालय तनहुँले गरेका विकास निर्माणका कामको अवलोकन गर्नुभयो ।

साथै कार्यालयले आयोजना गरेको छलफलमा उहाँ सहभागी हुनुभयो । कार्यक्रममा डिभिजन वन र सबडिभिजन कार्यालयमा कार्यरत कर्मचारीको सहभागिता रहेको थियो ।

कर्मचारीले परिचयका क्रममै आफ्ना गुनासा धमाधम राख्न थाले । डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले बजेट कटौतीले सहज रूपमा काम गर्न नसकिएको गुनासो पोख्नुभयो । "गत वर्षको भन्दा यस वर्ष बजेट न्यून छ कसरी काम गर्ने ? गत वर्षको योजनालाई कसरी निरन्तरता दिने ?" चितुवाबाट प्रभावित जिल्ला तनहुँमा चितुवा छोप्नै कठिनाइ तथा छोप्यो व्यवस्थापन गर्न समस्या छ । केही दिन अघि पनि एउटा चितुवा नियन्त्रणमा लिइएको थियो । "आँखा देख्न सक्दैन तर स्वास्थ्यकर छ अहिले मासिक तेह्र/चौध हजार खर्च हुन्छ बजेट छैन कसरी व्यवस्थापन गर्ने ?", उहाँको भनाइ थियो ।

त्यसैगरी डिभिजन प्रमुख काफ्लेले वन्यजन्तुबाट घरपालुवा जनावरमा आक्रमण गरी क्षति पुऱ्याउँदा प्रदान गरिने क्षतिपूर्ति अन्यायपूर्ण प्रक्रिया भएकाले जनताले राहत पाउने गरी व्यवस्था गरिनुपर्ने सुझाव राख्नुभयो । वन्यजन्तुको आक्रमणमा परी चारखुट्टे जनावरको मृत्यु भएमा राहत दिने तर दुईखुट्टे जनावरको मृत्यु हुँदा राहत नदिने व्यवस्था भएकाले नीति तथा कार्यनीतिमा समावेश गर्नुपर्ने देखिएको उहाँले बताउनुभयो ।

त्यसैगरी सबडिभिजन कार्यालय बन्दीपुरका सहायक वन अधिकृत सुरेशकुमार भुजेलले मर्स्याङ्दी नदीको कटानले कार्यालय भवन धरापमा परेकाले त्यसलाई कसरी बचाउन सकिन्छ पहल गरिदिन अनुरोध गर्नुभयो । ऋषिङ सबडिभिजनका सहायक वन अधिकृत ताराबहादुर गुरुङले कार्यालयको भवन निर्माण भए पनि पानी जडान नहुँदा सास्ती भोग्नुपरेको गुनासो राख्नुभयो । व्यक्तिले अधिग्रहण गरेको करिब ५९ रोपनी क्षेत्रफल फिर्ता लिएर चाप, खयर, चिउरीलगायत बिरुवा लगाए पनि तारबार गर्ने बजेट नहुँदा बिरुवा जोगाउन कठिनाइ भएको गुनासो पोख्नुभयो ।

त्यसैगरी भिमाद सबडिभिजनका सहायक वन अधिकृत महाप्रसाद ओझाले कार्यालयमा कर्मचारी अभाव हुँदा काम गर्न कठिनाइ भएकाले कर्मचारी दरबन्दीको व्यवस्था गरिदिन माग गर्नुभयो । देवघाट र भानुनगरपालिकामा पानी नहुँदा नर्सरीमा बिरुवा उत्पादन गर्न कठिनाइ भएकाले त्यसतर्फ बेलैमा ध्यान दिनुपर्ने बताइएको छ । कर्मचारीको गुनासो सुनेपछि मन्त्री थापाले गुनासा र सुझावलाई क्रमिक रूपमा सुधार तथा सम्बोधन गर्दै वन ऐनसम्बन्धी समस्यालाई निराकरण गर्न पहल गरिने बताउनुभयो ।

९६८ संक्रमित थपिए

रासस
काठमाडौं, १९ असोज

पछिल्लो २४ घण्टामा ९६८ जनामा सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मंगलबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार १६ हजार ४२ मा कोरोना परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो । मंगलबार थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित १६ हजार २४८ पुगेको छ ।

पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला आठ र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला १९ छन् । पाँच सयभन्दा बढी सङ्क्रमित हुने जिल्ला मोरङ, सुनसरी, झापा, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की र रुपन्देही छन् ।

नेपालमा सङ्क्रमणदर १८.८ प्रतिशत छ । पछिल्लो २४ घण्टामा एक हजार ११४ जनाले सङ्क्रमणमुक्त भएका छन् । यससँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ७१ हजार ३३८ छ । नेपालमा सङ्

बाँकी अन्तिम पृष्ठमा ▶▶

राष्ट्रिय ए डिभिजन फुटसल लिगका लिग चरण सकियो

पोखरापत्र संवाददाता
पोखरा, १९ असोज

घरेलु टोली सविन मेमोरियल राष्ट्रिय ए डिभिजन लिगको प्ले अफमा प्रवेश गरेको छ।

मंगलबार सम्पन्न लिग चरणको अन्तिम खेलमा सविनले शंखमुललाई ३-१ गोल अन्तरले हराउँदै प्ले अफमा प्रवेश गरेको हो । पोखरा रंगशाला बहुउदेश्यीय कभर्डहलमा भएको अत्यन्तै प्रतिस्पर्धात्मक लिगको अन्तिम खेल सविनलाई जित्नै पर्ने दबाब थियो । सविनले २० औं मिनेटमा समिर प्रधानले गोल गर्दै अग्रता दिलाए। पहिलो हाफ १-० ले अघि रहेको सविनले दोस्रो हाफमा थप २ गोल गर्दै जित हासिल गरेको हो । खेलको २४ औं मिनेटमा मनिष क्षेत्रीले गोल गर्दै अग्रता दोब्बर पारे । २५ औं मिनेटमा शंखमुलका सुशान श्रेष्ठले गोल गर्दै २-१ को स्थिति बनाएपछि सविन सविन दबाबमा परेको थियो। ३४ औ मिनेटमा सुनिल विकले गोल गर्दै जित निश्चित गरे । सविनको कुल ९ खेलबाट १६ अंकका साथ तालिकाको चौथो स्थानमा रहन सफल रह्यो। सविनले पाँच खेलमा जित, ३ खेलमा हार र १ खेलमा बराबरी खेलेको थियो । एता हार

व्यहोरेको शंखमुल पनि तालिकाको तेस्रो स्थानमा रहेको छ । शंखमुललाई हारले दोस्रो स्थानमा उक्लिनबाट रोकेपनि प्लेअफका लागि कुनै असर गरेन । खेलको म्यान अफ दि म्याच मनिष क्षेत्री घोषित भए। मंगलबार भएको पहिलो खेलमा प्रभातफेरीले फुटसल ५ धरानलाई ६-२ गोल अन्तरले पाखा लगायो। प्रभातफेरीको जितमा डोना थापा र धिरज जोशीले २/२ तथा शन्तलाल गुरुङ र विवेक सारुमगरले एक/एक गोल गरे । प्रभातफेरीले फुटसल ५ धरानलाई सुरुवात देखि नै निकै दबाबमा राख्यो । प्रभातफेरीका लागि धिरज गुरुङले खेलको पाँचौ मिनेटमा २ गोल गर्दै अग्रता दिलाए। १ मिनेटको अन्तरालमा धिरजले २ गोल गर्दै प्रभातफेरीलाई २-० को अग्रता दिलाए । १७ औं मिनेटमा शन्तले गोल गर्दै प्रभातफेरीको अग्रता तेब्बर पारे। २० औं मिनेटमा फुटसल ५ धरानका कप्तान सन्दिप कार्कीले गोल गर्दै अग्रता घटाए । पहिलो हाफमा ३-१ ले अघि रहेको प्रभातफेरीले दोस्रो हाफमा समेत ३ गोल गर्दै फराकिलो जित निकालेको हो। २५ औं मिनेटमा डोना थापाले गोल गरे । २६ औं मिनेटमा विवेकले गोल गर्दै अग्रता फराकिलो पारे । खेलको ३० औं मिनेटमा फुटसल ५ का लागि नयल श्रेष्ठले गोल गर्नुनै फुटसलका लागि अन्तिम गोल रह्यो। उता प्रभातफेरीका लागि डोनाले ४० औं मिनेटमा व्यक्तिगत तथा छैटौं गोल गरे । प्रभातफेरीका धिरजले २३ औं मिनेटमा रातो कार्ड पाउँदै बाहिरीएपनि फुटसल ५ धरानले त्यसको मौका भने उठाउन सकेन । २ मिनेटसम्म प्रभातफेरी ४ खेलाडीमा सिमित भएका थिए। खेलको म्यान अफ दि म्याच प्रभातफेरीका आशिष डंगेल घोषित भए।

जितसंगै प्रभातफेरी कुल ९ खेलबाट १० अंकका साथ तालिकाको ८ औं स्थानमा रहँदै लिगचरणबाट बाहिरीएको छ। प्रभातफेरीले ३ खेलमा जित, ५ खेलमा हार र १ खेल बराबरी खेलेको थियो। समान खेल खेलको फुटसल ५ धरानको भने १४ अंक रहेको छ। धरानले ४ खेलमा जित,३ खेलमा हार र १ खेल बराबरी खेलेको थियो।

दोस्रो खेलमा ढुकु फुटसल हबले झरना स्पोर्ट्स क्लबलाई ५-३ गोल अन्तरले हरायो । जितसंगै ढुकुको ९ खेलबाट १३ अंक रहेपनि लिगचरणबाट बाहिरीएको छ। ढुकुले ४ खेलमा जित, ४ खेलमा हार र १ खेल बराबरी खेलको थियो। ढुकुको जितमा सुमन तामाङ, दावा दुक्पा शेर्पा, अमित लामा, प्रसिद्ध मगर र उर्केन शेर्पाले गोल गरे । झरनाका लागि गंगा गुरुङ, प्रवेश खनाल क्षेत्री र अमित गुरुङले गोल गरे। खेलको म्यान अफ दि म्याच अमित लामा घोषित भए।

हाँस कुखुरा पालन : पोखरा महानगरपालिका वडा नं २१ कृस्ती बाघखोरका स्थानीय पालेका हाँस चरेर बासस्थानतर्फ जाँदै । आयआर्जनका लागि स्थानीयले हाँस कुखुरा पालनलाई जोड दिँदै आएका छन्। तस्वीर : जमुना वर्षा शर्मा

श्रोतको...

गरे । नेपाल उद्योग बाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष संजिव बहादुर कोइरालाले घर जग्गाको मुल्य घटेको स्थानमा पुनः विचार गर्नुपर्ने, पोखरालाई पर्यटनको राजधानिको रुपमा घोषणा गर्नुपर्ने माग गरे। विज्ञापन कर खासै संकलन नभएको दाबी गरेका उनले महिलाद्धारा संचालित व्यवसायलाई दर्ता शुल्क निशुल्क गर्नुपर्ने बताए । आन्तरिक श्रोत पहिचानमा दृर्णइच्छा शक्ति अभाव भएको उनले दाबी गरे । पोखरा उद्योग बाणिज्य संघका उपाध्यक्ष गोकर्ण कार्कीले दृर्घकालिन योजना बनाउन तर्फ सरकार केन्द्रित हुनुपर्ने बताए । खाद्य उद्योगहरुले मासिक अनुज्ञा पत्र लिन भैरहवा जानुपर्ने बाध्यता रहेको उनले गुनासो गरे। कर्मचारी तन्त्रले मन्त्रीलाई समेत गलत सिस्टम सिकाउन प्रोत्सान गर्ने गरेको ठोकुवा गरे। वनजंगललाई वोटानिकल पार्कको रुपमा विकास गर्दै व्यवसायीक रुपमा अघि बढाउनु पर्ने उनको भनाई छ । स्वदेशी उद्योग र उत्पादनलाई जोड दिनुपर्ने कार्कीले बताए।

पृथ्बीनारायण क्याम्पसका प्राध्यापक डा.यादवराज गौडेललेउत्पादनबढायरमात्रकरको दायरा र कर बृद्धि गर्नुपर्ने बताए। देशमा संघियताको छोटो अभ्यास भएकोले गर्दा जनता तीन तहको करको मारमा परेको उनले दाबी गरे । पृथ्बीनारायण क्याम्पसका सहप्रध्यापक कमल ढकालले श्रोत सुनिश्चित गर्न नसक्दा कार्यक्रम अघि बढाउन सरकारलाई कठिन हुने दाबी गरे । संघियताको गलत अभ्यास सुरु भएको , स्थानिय तहमा निर्वाचनका वेला कर्मचारी करारमा राख्ने, शक्तिको दुरुपयोग भएको उनको आरोप छ। ढुगा गिटी वालुवामा अनियमितता भएको ढकालले दाबी गरे।

आन्तरिक श्रोत ५० प्रतिशत हुनुपर्ने तर हाल १५ प्रतिशतले प्रदेशलाई दिगो बनाउन कठिन भएको उनले जनाए । एकिकृत समाजवादीका प्रतिनिधि युवा व्यवसायी यदुनाथ अधिकारीले कर प्रणाली झनझटीलो भएकोले सहज बनाउन माग गरे। उद्योग दर्ता प्रकृयालाई सरलीकरण गर्न उनले माग गरे।

पोखरा विश्व बिद्यालयका सहप्रयाध्यापक भरतराज ढुंगानाले घर जग्गा मापदण्ड विपरितका घर तथा भवनको तथ्याङक संकलन गरी करको दायरामा ल्यायर नियमित गर्नुपर्ने धारणा व्यक्त गरे। ४९.९ प्रतिशत विना दर्ता व्यवसायी संचालन भएकोले पहिचान गरी करको दायरामा ल्याउनु पर्ने उनले बताए । गण्डकी प्रदेशमा २७ प्रतिशत जलबिद्यूतको सम्भावना भएकोले जलबिद्युत प्राधिकरण गठन गरेर प्रदेशमा जलबिद्युतबाट फाइदा लिन सक्नुपर्ने ढुंगानाले जनाए। प्रदेशका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका सचिव विनोद बहादुर कुवंरले पर्यटन क्षेत्र हाल कोमामा रहेकोले लगानी बढाउदै, नयाँ गन्तव्य पहिचान गर्नु पर्नेपदमार्ग विस्तार गर्नुपर्ने बिचार व्यक्त गरे। घर जग्गाको हाल पुन मुल्याकन गर्नु पर्ने उनले जनाए।

पोखरा महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत महेश बरालले प्रदेशमा ८ अर्बबाट हाल १४ अर्बमा प्रशासनिक खर्च हुदै गएकोमा चुनौती भएको बताए। घर जग्गामा कालो धन भएको बताउदै सरकारले पुन विचार गर्नुपर्ने उनले बताए । अन्त शुल्क र भ्याट दृर्घकालिन कर संकलनको श्रोत भएको बरालले जनाए। राजाराम रेग्मीले डिजिटल पेमेन्ट सिस्टममा लैजानु पर्ने कृषि क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ बताए । बरिष्ठ पत्रकार कोमलनाथ बरालले प्रदेश सरकार प्रति जनतामा नकरात्मक सन्देस गएको दाबी गरे । बर्षेनी करको दर बृद्धिले प्रदेश सरकार प्रति नैर ास्यता बढेको, भ्रष्टचार मौलाएको उनले दाबी गरे।

युवा व्यवसायी जनकराज पराजुलीले चार्ड पर्वको अवसरमा ट्राफिक प्रहरीले अवैधानिक रुपबाट सडकको कुना र मोडहरुमा कर अशुल्ने गरेको आरोप लगाए । किसानले उत्पादन गरेको बस्तुको ग्यारेन्टी गर्नुपर्ने, ठुला व्यवसायीले साना व्यवसायीको कुरा नराख्ने गरेको उनले दाबी गरे। सरकारले भने बमोजिम महिला उद्यामीले ऋण नपाएको पराजुलीले दाबी गरे। मन्त्री बरालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा अर्थ सचिव बैकुण्ठ अर्यालले कार्यपत्र प्रस्तुतः गर्दै २ अर्ब आन्तरिक ऋण लिने र ५ अर्ब चालु बर्षमा राजश्व संकलन गर्ने लक्ष्य राखिएको बताए । मन्त्रालयका उपसचिव बसन्त तिवारीले कार्यक्रमको संचालन गरेका थिए।

मोटरसाईकल चोरीमा संलग्न पक्राउ

पोखरापत्र संवाददाता
स्याङ्जा, १९ असोज

जिल्ला प्रहरी कार्यालय स्याङ्जाले मोटरसाईकल चोरी कार्यमा संलग्नलाई पक्राउ गरेको छ।

जिल्लाका विभिन्न क्षेत्रमा चोरीका घट्ना बढ्न थालेपछि प्रहरीले सक्रियता बढाए सगै मोटर साईकल चोरीमा संलग्नलाई पक्राउ गर्न सफल भएको हो। वडा प्रहरी कार्यालय वालिङका प्रमुख प्रहरी निरिक्षिक हरी प्रसाद पौडेलको कमाण्डमा खटिएको टोलीले मोटरसाईकल चोरी गर्ने ४ जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायव उपरिक्षक राजेन्द्र प्रसाद अधिकारीका अनुसार मोटरसाईकल चोरीमा संलग्न रुपन्देही जिल्ला बुटवल महानगरपालिका १२ बस्ने ३४ बर्षिय बिष्णुबहादुर नेपाली, बुटवल उपमहानगर ११ बस्ने २८ बर्षिय प्रकास सार्की, भीरकोट नगरपालिका २ स्याङ्जा बस्ने २० बर्षिय बिप्लब श्रेष्ठ र सोही नगर २० बर्षिय ज्ञानबहादुर गुरुङ पक्राउ परेका हुन् । उनीहरुले विभिन्न कम्पनीका ७ थान मोटरसाईकल र २ थान स्कुटर चोरी गरेका थिए। सबै सवारी साधन सहित उनीहरुलाई पक्राउ गरी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

सरकार...

गर्ने भन्ने साझा रणनीति खाका बनाउन पर्छ, योजना निर्माणलाई पनि अनुशासनभित्र ल्याउन पर्‍यो ।" राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्र मुलुकको अहिलेको मुख्य लक्ष्य भएको बताउँदै उहाँले समावेशी विकास मूल नीति बनाएर अघि बढ्नुको विकल्प नरहेको धारणा व्यक्त गर्नुभयो।

महालेखा परीक्षक टङ्कमणि शर्माले मितव्ययी, दक्षता र प्रभावकारिताको कसीमा रहेर सङ्घ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अघिल्लो आर्थिक वर्षमा सङ्घका तीन हजार, प्रदेश कार्यालय एक हजार, स्थानीय तह ६९९ र केही सङ्गठित संस्था गरी पाँच हजार ४६२ कार्यालयको रु ५३ खर्ब २७ अर्बको लेखापरीक्षण भएको छ।" मुख्यसचिव शङ्करदास वैरागीले बजेट निर्माण प्रक्रियामा व्यापक सुधार आवश्यक रहेको तथा सुशासन कायम गरी विकास आयोजना अघि बढाउने सन्दर्भमा कार्यान्वयन र समन्वयमा समस्या देखिएको बताउनुभयो। उहाँले भन्नुभयो, "सुशासनबिना दिगो विकास लक्ष्य हासिल हुन सक्दैन, पूँजीगत खर्च गर्नु ठूलो कुरा होइन, परिणाम कस्तो हासिल भयो भन्ने प्रश्न हो। प्रविधिको विकास गरी सेवाप्रवाह अघि बढाएमा मात्र लक्ष्य हासिल गर्न सकिन्छ।"

श्री एयरको जहाज चिप्लियो

रासस
काठमाडौं, १९ असोज

त्रिभुन अन्तरराष्ट्रिय विमानस्थलमा श्री एयरलाइन्सको जहाज दुर्घटनाहुनबाट जोगिएको छ।

मंगलबार बिहान नेपालगञ्ज गन्तव्यका लागि उडान भर्ने तयारीमा रहेको सो एयरलाइन्सको जहाज 'डोमेष्ट्रिक पार्किङ्'बाट रनवेतर्फ निकाल्ने क्रममा जहाज चिप्लिएको हो।

विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार जहाज पार्किङबाट निकाल्ने क्रममा टर्निङको क्रममा जहाजको ब्यालेन्स नमिल्दा तीन मिटरजति जहाज डिस्ब्यालेन्स भएको छ । "जहाज धस्सिएको हैन पाकिङबाट निकाल्ने क्रममा डिसब्यालेनस भएर तीन फिट पर सरेको छ, टर्निङको क्रममा जहाजको देब्रेपट्टिको चक्का चिप्लिएको हो । अहिले जहाज निकाल्ने काम भइरहेको छ", उहाँले भन्नुभयो। जहाज उडानका लागि कुनै समस्या नरहएको पनि प्रवक्ता शेर्पाले जानकारी दिनुभयो। उहाँले भन्नुभयो,"झण्डै ४५ मिनेटदेखि जहाजलाई धावनमार्गतिर निकाल्ने प्रयास भइरहेको छ। उडान अवतरणमा कुनै समस्या हुदैन।"

विमानस्थलको आन्तरिक उडानतर्फ पार्किङमा जहाज चिप्लिएकाले विमानस्थलबाट हुने सम्पूर्ण उडान सञ्चालनमा कुनै अवरोध नभएको पनि विमानस्थलले जनाएको छ।

९६८...

क्रमणमुक्त हुने दर ९६.६ प्रतिशत छ। सो अवधिमा छ जनाको मत्यु भएको छ।

हालसम्म सङ्क्रमणबाट ११ हजार १८० जनाको मृत्यु भइसकेको छ। हाल देशभर ३३५ जना सघन उपचारकक्ष (आइसीयू), १२२ जना भेन्टिलेटर, १५ हजार ११७ जना होम आइसोलेशन, एक हजार १३१ जना संस्थागत आइसोलेशन र २३७ जना क्वारेन्टिनमा छन् । मंगलबार एक लाख ३२ हजार ८९६ जनाले कोभिड-१९ विरुद्धको खोप लगाएका छन्।

हालसम्म ७९ लाख १३ हजार ५५५ जनाले पहिलो मात्रा र ६४ लाख नौ हजार १९६ जनाले पूर्ण मात्राको खोप लगाएका छन्।

महामारीको बेला चाडबाड मनाउँदा ध्यानदिनुपर्ने कुराहरू

-सम्भव भएसम्म बजार र आफन्तकोमा नजाऔं ।
-सामान खरिद गर्न जानै परे भिडभाडबाट बचौं, भौतिक दुरी कायम गरौं ।
-घरबाहिर निस्कनै परे मास्कको अनिवार्य प्रयोग गरौं ।
-घर फर्किएपछि सकभर नुहाउने वा साबुनपानीले हात, मुख, गोडा राम्रोसँग धोऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

- **पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
- **महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
- **सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
- **मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

धर्मको अभावमा मानिस अन्धो हुन्छ ।
– महाकवि लक्ष्मीप्रसाद देवकोटा

सम्पादकीय

प्रधान न्यायाधीशलाई कोटा

सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्र शंसेर राणाले मन्त्रीको कोटा मागेको समाचारले न्यायीक क्षेत्रमा तरङ्ग उत्पन्न भएको छ। सर्वोच्च अदालतको परमादेशबाट शेर बहादुर देउवा प्रधानमन्त्री बनेका हुन । सर्वोच्च अदालतको फैसलालाई ऐतिहासिक मान्नेहरु अहिले सर्वोच्च अदालतका प्रधानन्यायाधीशको विरोधमा उत्रिएका छन। कांग्रेस सभापति देउवालाई प्रधानमन्त्री बनाउन परमादेश दिनेले सरकारमा हिस्सा खोजेको भनी रोइलो शुरु भएकोमा छ । सडकबाट सर्वोच्च अदालतलाई चलाउन खोज्नेले प्रधानन्यायाधीश राणालाई विवादमा तान्नु काम गरेका छन । राणा मार्फत कांग्रेस सभापति देउवाले संबैधानिक अंगमा काङ्गेसीलाई नियुक्ति दिलाएका थिए । केपी प्रधानमन्त्री भएको बेला राणाको कोटाबाट संबैधानिक अंगमा नियुक्ति पाएका कांग्रेस निकट थिए । दोष केपी शर्मा ओलीको टाउकोमा राखेर अदालतले गरेको फैसलालाई क्रान्तिकारी , अग्रगमनको पक्षमा देख्नेले प्रधानन्यायाधीशलाई अर्ती दिंने गरिएको छ। नेपाल वार एशोसिएसनले न्यायपालिकाको स्वतन्त्रता, सक्षमता र निष्पक्षतामा गम्भीर संकट उत्पन्न भएको बताएको छ । बारले न्यायपालिकाका प्रमुखले नै कोटा खोज्दा न्यायपालिकाको स्वतन्त्रता, सक्षमता र निष्पक्षतामा गम्भीर संकट उत्पन्न भएको बताएको हो ।

प्रधानन्याधीशले कोटा खोज्दा प्रधानमन्त्री तथा राजनीतिक दलका नेताहरु तयार रहने कार्यबाट न्यायपालिकाको स्वतन्त्रतामाथि प्रश्न चिन्ह उठेको बारले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । सोमबार बारका महासचिव अधिवक्ता लिलामणि पौडेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'न्यायपालिकाका प्रमुख सम्माननीय प्रधानन्यायाधीशज्यूले न्यायपालिका सुधारका कार्यतर्फ उदासिन रही अन्य संवैधानिक निकायहरुमा आफ्नो प्रत्यक्ष चासो र हस्तक्षेप बढाइ रहेका कुराहरु यसअघि पनि आइरहेका र सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमै विवादहरु विचाराधिन रहिरहेको अवस्था कार्यपालिकासँग समेत आफ्नो भाग वा कोटा खोज्ने र उक्त कोटा दिन सम्माननीय प्रधानमन्त्री र राजनीतिक दलका नेताहरु तयार रहने कार्यबाट न्यायपालिकाको स्वतन्त्रता, सक्षमता र निष्पक्षतामा गम्भीर संकट उत्पन्न भएको नेबाएले महशुस गरेको छ ।'

राज्यका निकायहरु बीचको शक्ति सन्तुलन र नियन्त्रण, शक्ति पृथकीकरणको सिद्धान्त, संवैधानिक सर्वोच्चता, स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाको अवधारणा प्रतिकूल हुने क्रियाकलापको विरोध र भर्त्सना गर्दै आएको बारले बताएको छ। सार्वजनिक सञ्चार माध्यममा आएका उल्लेखित विषयका समाचार यदि सत्य हुन भने यो अत्यन्तै असंवैधानिक र राज्यसंयन्त्र मै दखल पुग्ने, संविधानको घोर उल्लंघन भइ चरम अराजकता बढ्ने र अन्तत असफल राष्ट्र बन्ने, बनाउनेतर्फ राजनीतिक दलका नेता तथा संवैधानिक जिम्मेवारीनै संलग्न रहनु कानुन व्यवसायीहरु मात्र होइन आम नगरिकको पनि चिन्ताको विषय हो। यस्तो संवैधानिक शासन व्यवस्थाको परिकल्पना नेपालको संविधानले मात्र होइन कुनै पनि संवैधानिक, कानुनी एवं राजनीतिक मान्य, सिद्धान्तले पनि गरेका छैनन, गर्दैनन ।' यस्तो स्थितिमा मुलुकका जिम्मेवार संवैधानिक अङ्गहरुका प्रमुखहरु नै यसतर्फ उन्मुख हुने कार्य असंवैधानिक, अलोकतान्त्रिक र खेदजन्य समेत रहेको बताएको छ।

तपाईको आज

मेष	: शारीरिक झमेला	तुला	: कार्यमा सफलता
वृष	: शत्रुको भय	वृश्चिक	: अप्रत्यसित लाभ
मिथुन	: सम्मान मिल्नेछ	धनु	: ब्यापारमा लाभ
ककर्ट	: झमेला बड्ने	मकर	: आर्थिक समस्या
सिंह	: मन चञ्चल	कुम्भ	: सत्कार मिल्नेछ
कन्या	: सहयोग मिल्नेछ	मीन	: मानसिक तनाब

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

स्थानीय जातका बोका र ब्रोइलरको खोजी

पोखरापत्र संवाददाता
म्याग्दी, १९ असोज

दसैंमा मुस्ताङी च्याङ्ग्राको मासु महङ्गो भएर खान नसकिने भएपछि यहाँका सर्वसाधारण र न्यून आय भएका व्यक्तिले स्थानीयस्तरमा पालिएका खसी-बोकाको जोहो गर्न थालेका छन् । च्याङ्ग्राको भाउ महङ्गिएको थाहा पाएपछि स्थानीयरूपमा पालिएका खसी-बोकापालकले पनि यहाँ पाइने खसी बोकाको मूल्यवृद्धि गरेका सर्वसाधारणको भनाइ छ।

गत वर्षसम्म रु १२ हजारदेखि १८/२० हजारसम्ममा पाइने यहाँका खसी-बोकाको मूल्य खोरमा नै यस वर्ष रु तीनदेखि पाँच हजारसम्म वृद्धि भएको दुधेखोलाका श्याम घर्ती मगरले बताउनुभयो । अहिलेसम्म प्रतिकिलो रु एक हजारसम्ममा पाइने खसीको मासु दसमा रु एक हजार २०० को हाराहारीमा पर्ने उहाँको भनाइ छ।

धेरै परिवार हुने र न्यून आय हुने व्यक्तिका लागि यस वर्षको दस अत्यन्त महङ्गो हुने भएको छ । "दसमा च्याङ्ग्राको मासु त परको कुरा खसी-बोकाको मासु पनि किनिनसक्ने हुनेभयो", म्याग्दी नदीमा गिट्टी कुटेर परिवार पाल्दै आएका श्याम विकले भन्नुभयो, "खोरमै गएर चारवटा ब्रोइलर कुखुरा किनेर ल्याएँ, अहिलेको दसं ब्रोइलरले काम चलाउने हो ।"

यस्तो अवस्था श्यामको मात्रै होइन, धेरै न्यून आय भएका परिवारको हो । हिमाली क्षेत्रको जडीबुटी खाएकाले स्वादिलोसँगै स्वास्थ्यका लागि फाइदा हुने भन्दै प्रायः उपभोक्ताले भेडा-च्याङ्ग्रा खोज्ने गरे पनि थोरै कमाइ भएका व्यक्तिले यस वर्ष स्थानीय खसी, बोका र ब्रोइलर कुखुराको मासुबाटै दसमा परिकार बनाएर खाने भएका छन् ।

बाल शिक्षिका र कर्मचारीको तलबमा वृद्धि

पोखरापत्र संवाददाता
पर्वत, १९ असोज

पर्वतको कुश्मा नगरपालिकाले बाल शिक्षिका, विद्यालयका कर्मचारी तथा कार्यालय सहयोगीको तलब वृद्धि गरेको छ।

नगर कार्यपालिकाको आज बसेको बैठकले उनीहरूको तलब वृद्धि गर्ने निर्णय गरेको हो । नगर शिक्षा अधिकारी विष्णुप्रसाद तिवारीका अनुसार बालविकास सहजकर्तालाई रु १५ हजार ५००, विद्यालयका कार्यालय सहयोगीलाई रु १५ हजार र विद्यालयका कर्मचारीलाई रु २० हजार ५०० मासिक तलब तोकेको हो । शिक्षक दिवसकै अवसरमा नगरपालिकाले यस्तो निर्णय गरेको हो । सङ्घीय सरकारले घोषणा गरे पनि कुश्मा नगरपालिकाले तलब सुविधा नबढाएको भन्दै बाल शिक्षिकाको निरन्तरको आन्दोलनपछि आज बसेको कार्यपालिकाको बैठकले तलब सुविधा वृद्धि गर्ने निर्णय गरेको नगरप्रमुख रामचन्द्र जोशीले जानकारी दिनुभयो । यसरी तलब वृद्धि गर्दा नगरपालिकालाई वार्षिक रु एक करोड ५० लाख दायित्व बढ्ने भएको छ । कुश्मा नगरपालिकाभित्रका बिद्यालयमा ७० जना बालबिकास सहजकर्ता, १८ जना विद्यालय कर्मचारी र ६५ जना विद्यालय सहयोगी रहेका छन् । नगरप्रमुख रामचन्द्र जोशीले शिक्षकको माग सम्बोधन गर्नुपर्छ भन्नेमा आफू सकारात्मक भएर निर्णय गरेको बताउनुभयो । सङ्घीय सरकारले बजेटमा तलब बढाउने घोषणामात्र गरेको तर स्रोत सुनिश्चितता नगरपालिका आफैँले गर्नुपर्दा केही दिन अन्योल भए पनि अब शिक्षकले आन्दोलन गर्नुपर्ने अवस्था अन्त्य भएको जोशीले बताउनुभयो । बैठकले सवारी चालक, स्वास्थ्य केन्द्रका कार्यालय सहयोगीको पनि तलब सुविधा वृद्धि गर्ने निर्णय गरेको छ।

३३ कलाकारको प्रत्यक्ष कला प्रदर्शन

रासस
काठमाडौं, १९ असोज

यही असोज २१ गते ३३ नेपाली कलाकारले एकै स्थानमा प्रत्यक्ष कला प्रदर्शन गर्ने भएका छन् ।

म्युजियम अफ नेपाली आर्टले आज यहाँ पत्रकार सम्मेलनको आयोजना गर्दै क्यान्सर रोग पीडित बालबालिकालाई सहयोग होस् भन्ने उद्देश्यले प्रदर्शन गर्न लागेको जानकारी दिएको हो। किरण मानन्धर, लोक चित्रकार, गोपाल कला प्रेमी, समुन्द्रमान सिंह, राजप्रकाश तुलाधरलगायत ३३ कलाकारले आधुनिक कला पस्कने छन् ।

आयोजक संस्थाका प्रमुख राजन शाक्यले नेपाललाई कला गन्तव्यका रूपमा पहिचान दिनु र अन्तर्राष्ट्रिय बजारमा नेपाली कलाको विशेषताबारे जानकारी दिनु पनि कार्यक्रमको उद्देश्य रहेको बताउनुभयो ।

काठमाडौँ गेस्ट हाउस ठमेलमा एक दिन मात्र हुने उक्त प्रत्यक्ष कला प्रदर्शनीमा बनाइएका कलाकृतिलाई एउटा पुस्तिकाका रूपमा प्रकाशन गरिने पनि आयोजक संस्थाले पत्रकार सम्मेलनमा जानकारी गराइएको छ।

उक्त दिन दिउँसो १२ देखि साँझ ६ बजेसम्म रहने कार्यक्रममा कलाकारले तत्कालै चित्रहरू बनाउने र सोही चित्रहरू बिक्रीका लागि राखिने छ । सोही कला बिक्रीबाट प्राप्त रकमको ५० प्रतिशत कान्ति बाल अस्पतालमा क्यान्सरको उपचार गरिरहेका बालबालिकाको लागि सहयोग गर्ने जनाइएको छ।

'शक्ति पुरस्कार' कवि श्रेष्ठलाई

पोखरापत्र संवाददाता
बागलुङ, १९ असोज

रणस्मृति पुरस्कार संस्था बागलुङले विसं २०७७ को ' शक्ति पुरस्कार' तनहुँका कवि एवं निबन्धकार अनिल श्रेष्ठलाई प्रदान गरेको छ । आज यहाँ आयोजित समारोहमा श्रेष्ठलाई वरिष्ठ अधिवक्ता पद्मनाथ शर्माले रु आठ हजार राशिसहित पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुभयो । नेपाली भाषा, साहित्यको उत्थानमा पुऱ्याएको योगदानबापत श्रेष्ठलाई पुरस्कृत गरिएको संस्थाका अध्यक्ष काजी रोशनले बताउनुभयो। कवि श्रेष्ठका 'आरु फुलेको साँझ', ' मध्यरातमा मुर्कट्टा'लगायत कविता कृति प्रकाशित छन् । यसअघि सो पुरस्कारबाट पोखराका कवि तीर्थ श्रेष्ठ, भैरहवाका साहित्यकार बालकृष्ण भट्टराई र स्याङ्जाका विश्वप्रेम अधिकारी पुरस्कृत भइसक्नुभएको छ।

बिसौनी दोहोरी साँझमा नयाँ व्यवस्थापन

पोखरापत्र संवाददाता
पोखरा, १९ असोज

पोखरा सिर्जनाचोकमा रहेको विसौनी दोहोरीसाँझ नयाँ व्यवस्थापनका साथ सञ्चालनमा आउन लागेको छ।

असोज २१ गते बिहिबारबाट औपचारिक रुपमा सञ्चालनमा आउने दोहोरी साँझमा पोखरा १९ का चन्द्र दर्नालको एकल लगानी रहेको छ। झण्डै डेढ करोडको लगानीमा दोहोरी साँझ र रेष्टुरेन्ट सञ्चालनमा ल्याउन लागेको व्यवसायी दर्नालले जानकारी दिए । 'तल्लो तलामा दोहोरी साँझ सञ्चालन हुन्छ, टपमा रेष्टुरेन्ट, दुवैतीर गरेर झण्डै डेढ करोड लगानी गर्दैछु' उनले भने । यस अगाडि दर्नालले पोखराको दर्पणछाया दोहोरी साँझमा लगानी गरेका थिए। दोहोरी साँझमा गुणस्तरीय परिकारको साथमा पारिवारिक वातावरणमा दोहोरीको मज्जा लिन पाइने सञ्चालक दर्नालको दावी छ। नयाँ व्यवस्थापनका साथ सञ्चालनमा आउने दोहोरीसाँझको विहिबार लोक गायिका प्राज्ञ हरिदेवी कोइरालाले उद्घाटन गर्ने बताइएको छ । दोहोरी साँझमा जीवन दाहाल, लक्ष्मी नेपाली, राम्जी पौडेल, माया केसी लगायतका कलाकारको नियमित प्रस्तुती रहनेछ । बेला-बेलामा राष्ट्रिय स्तरका अतिथि कलाकार बोलाएर लोक संगीतप्रेमीको सांगीतिक तृष्णा मेटाउने तयारी दोहोरी साँझले गरेको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका सचिव समेत रहेका लोकदोहोरी गायक जीवन दाहालले बताए । रेष्टुरेन्ट मार्फत दिने सेवा बिहान ८ बजेबाट र दोहोरी साँझबाट दिइने सुविधा साँझ ७ बजेबाट नेपाल सरकारले तोकेको समय अनुसार प्रदान गरिनेछ।

व्यवसायबाट प्राप्त भएको नाफाको केही हिस्सा असाहय तथा गरिब व्यक्तिको लागि छुट् याउने सञ्चालक दर्नालले खुलाए । लोक संगीत प्रतिको मायाका कारण ट्याक्सी ड्राइभरबाट दोहोरी साँझ तर्फ यात्रा मोडिएको उनले सुनाए । '२०६२ चैत्रबाट मैले ट्याक्सी ड्राइभरको काम गरे, मलाई लोक संगीत ज्यादै मनपर्छ, स्वदेशमानै केही गर्नुपर्छ भन्ने मान्यता मेरो हो, त्यसपछि दोहोरी साँझ तर्फ लगानी गर्न आए, दोहोरी व्यवसायमा मेरो आगमन भएको ५ वर्ष भयो' दर्नालले भने।

कालीगण्डकीको प्राकृतिक स्वरुप नासिँदै

पोखरापत्र संवाददाता
म्याग्दी, १९ असोज

धार्मिक, सांस्कृतिक र जैविक महत्वलेयुक्त, बहुमूल्य शिला शालिग्राम पाइने विश्वकै एकमात्र नदी कालीगण्डकीको प्राकृतिकस्वरुप पछिल्ला केही वर्षयता नासिँदै गएको छ।

बहुचर्चित कालीगण्डकी करिडोर अन्तर्गतको बेनी-जोमसोम-कोरला सडकखण्डको स्तरोन्नति थालिएसँगै सडक विस्तार गर्ने क्रममा निस्किएका ढुङ्गा, माटो, गेगर र सडककै कारण बर्सेनि बाढीपहिरोले गर्दा पवित्र नदी कालीगण्डकीको मौलिकस्वरूपमा परिवर्तन आएको वातावरण संरक्षणकर्मीले बताएका छन् ।

हिमालपारीको जिल्ला मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने उक्त ७६ किलोमिटर सडकखण्डको विभिन्न ठाउँमा पहिरो गएर सडक साघुरो भएपछि सडक विस्तार गर्ने नाउँमा त्यहाँको ढुङ्गा र गेगर कालीगण्डकीमा खसाल्दै आइएको छ।

यहाँ सामान्य वर्षा हुँदासाथ ढुङ्गा, माटो र लेदोसहितको पहिरो खस्नुका साथै बाटो बगाउने र कालीगण्डकीमा गएर मिसिने गरेको छ । सडकखण्ड अन्तर्गत अन्नपूर्ण गाउँपालिका-३ रुप्से छहरा, काभ्रेभीर, बाँदरजुङगे भीरमा बर्सेनि ठूलाठूला पहिरो जाँदा कालीगण्डकीको जलचक्र प्रणाली नै परिवर्तन हुने गरेको अन्नपूर्ण गाउँपालिका- ५ का रमेश पुनले बताउनुभयो। वर्षाका कारण ढुङ्गा र माटोसहितको लेदो खसिरहेकाले ठाउँठाउँमा पहिरो जाने र त्यो पहिरो कालीगण्डकी नदीमा मिसिने हुँदा खौंचयुक्त कालीगण्डकी पुरिँदै र साँघुरिँदै जान थालेको जानकार हरूले बताएका छन् । डोजर र स्काभेटरले जथाभावि उत्खनन गर्दा कालीगण्डकी नदीको जलचक्र प्रणाली नै खल्बलिँदै गएको छ। बालुवा, ढुङ्गाजस्ता नदीजन्य पदार्थको अनियन्त्रित उत्खननका कारण नदीले आफ्नो मौलिक र प्राकृतिक धारपरिवर्तन गर्नुका साथै त्यहाँका जलचर प्राणी बसाइँ सर्दै गएपछि नदीको जलचक्र प्रणाली नै खल्बलिएको वतावरणविद् हरूले बताउँदै आएका छन् । सर्वोच्च अदालतले गत साउनमा नदी उत्खनन, नदीमा फोहर विसर्जन नगर्न अन्तरिम आदेश जारी गरिसकेको छ। तर, चोरी निकासी भने रोकिएको छैन । पछिल्लो समय मानवीय अतिक्रमणका कारण सङ्कुचित हुँदैगएको पवित्र कालीगण्डकी बचाउनका लागि युवा अभियानकर्मीले पोस्टर आन्दोलन कविता शृङ्खला 'नदी सप्तक' अभियान समेत सुरु गरेका छन् ।

यति हुँदाहुँदै पनि राज्यले प्रभावकारी कदम चाल्न नसक्दा नदीको दोहन, उत्खनन, अतिक्रमण र नदीजन्य पदार्थ र बहुमूल्य दुर्लभ शिला शालिग्रामको चोरी निकासी भने रोकिएको छैन । नदीको जलचक्र प्रणाली परिवर्तन हुँदा प्राकृतिक र मानवीय सङ्कटसमेत बढ्दै गएको छ । नदीले मौलिक धार परिवर्तन गर्दा बाढीपहिरोका कारण तटीय बस्ती जेखिममा पर्दै जान थालेका छन् । नदी साविकको भन्दा गहिरो र साँघुरो बन्दै गएको दानाका व्यवसायी ईन्द्रमान शेरचनले बताउनुभयो । उहाँका अनुसार जलचक्र प्रणालीमा आएको परिवर्तनले बाढीपहिरो र नदी कटानको जोखिम उच्चरूपमा बढ्दै गएको छ । कालीगण्डकी नदीको प्राकृतिक बहाव र पर्यावरण प्रतिकूल हुनेगरी कुनै पनि कार्य नगर्न र नगराउन सर्वोच्च अदालतले गत साउनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेतलाई अन्तरिम आदेश दिएको छ । तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराको एकल इजलासले विवादको अन्तिम आदेश नभएसम्मका लागि कालीगण्डकी नदीको प्राकृतिक बहाव र पर्यावरण प्रतिकूल हुनेगरी कुनै कार्य नगर्न मन्त्रिपरिषद्को कार्यालयसमेतलाई अन्तरिम आदेश दिएको हो।

कालीगण्डकी नदीको सौन्दर्यलाई क्षयिकरण हुन नदिन युवाको समूहले पोस्टर आन्दोलन कविता शृङ्खला ' नदी सप्तक' अभियान गरेको छ। अभियानले कालीगण्डकीमाथि रचिएका कवितालाई 'पोस्टर कविता'का रूपमा विभिन्न सञ्चारमाध्यममार्फत सार्वजनिक गर्दै आएको छ । अभियान कालीगण्डकी नदीमाथि भइरहको अवैध दोहन विरुद्ध लक्षित छ । राष्ट्रकवि स्व माधवप्रसाद घिमिरेले विसं २०१५ मा लेखेको कविता ' कालीगण्डकी'बाट 'नदी सप्तक' कविता शङ्खला सुरुआत गरिएको अभियानका अगुवा आरके अदिप्त गिरीले बताउनुभयो।

पर्वतका बालविकास सहयोगी आन्दोलित

पोखरापत्र संवाददाता
पर्वत, १९ असोज

सरकारले चालु आर्थिक वर्षको बजेट घोषणा गर्ने क्रममा बढाएको पारिश्रमिक पाउनुपर्ने माग राख्दै जिल्लाका बाल विकास सहयोगी आन्दोलित बनेका छन् ।

कुस्मा नगरपालिकाभित्रका विद्यालयमा कार्यरत बाल विकास सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीले आन्दोलन थालेका हुन् । सरकारले घोषणा गरेको पारिश्रमिक चार महिना बितिसक्दासमेत पालिकाले उपलब्ध नगराएको भन्दै उनीहरूले बढेको पारिश्रमिक नपाएसम्म विद्यालय नफर्किने बताएका छन् । सरकारले तोकेअनुसारकै मासिक रु १५ हजार पारिश्रमिक पाउनुपर्ने भन्दै कुश्मा नगरपालिकाका सहजकर्ता र विद्यालयका कर्मचारी कुस्मास्थित नगरपालिकाको कार्यालयमा धर्ना दिँदै आएका छन् ।

कुस्मा नगरपालिकाले दसैँ भत्तासहित रु ६ हजारका दरले तीन महिनाको तलब खातामा जम्मा गर्न बैंकमा पठाएको सूचना पाएपछि उनीहरु आन्दोलनमा उत्रिएका हुन । "सरकारले जेठमै घोषणा गरेको पारिश्रमिक दसैँ आउँदासम्म पनि पाउने छाँटकाँट देखिएन", बाल विकास सहजकर्ता दिव्या सापकोटाले भन्नुभयो । कुस्माका विद्यालयमा ७३ बाल विकास सहजकर्ता, ६५ सहयोगी र १८ कर्मचारी छन् । नगरपालिकाका सबै विद्यालयमा बाल विकास सहजकर्ता, आधारभूत विद्यालयमा विद्यालय सहयोगी र माध्यमिक तहमा लेखाको समेत हेर्ने गरी विद्यालय कर्मचारीको व्यवस्था सरकारले गरेको थियो।

चाडपर्व खर्चसहित पहिलो चौमासिकको पारिश्रमिक जम्मा गर्दा नै बढेको पारिश्रमिक पाउनुपर्ने उनिहरूको माग छ। बाल विकास सहयोगीको मागप्रति नेपाल शिक्षक सङ्घ र नेपाल राष्ट्रिय शिक्षक सङ्गठनले ऐक्यबद्धता जनाएका छन् । सङ्गठनका जिल्ला अध्यक्ष चिरञ्जीवी अधिकारीले बालविकासका शिक्षक र विद्यालयका कर्मचारीमाथि अन्याय भएको बताउनुभयो । नगरपालिकाले भने सङ्घीय सरकारले बजेट वक्तव्यमा घोषणा गरेर सोहीअनुसार रकम नपठाउँदा बढेको पारिश्रमिक दिन समस्या भएको जनाएको छ । कुस्मा नगर शिक्षा अधिकृत विष्णु तिवारीले शिक्षिकाको माग जायज भए पनि बढेको पारिश्रमिक दिन नगरपालिकाबाट निर्णय नभएको बताउनुभयो । "नगरपालिकालाई वार्षिक रु दुई करोड अतिरिक्त भार बढ्छ", उहाँले भन्नुभयो।

व्यास नपामा अब घरनक्शाको काम अनलाइन

–कृष्ण न्यौपाने
दमौली, १९ असोज

व्यास नगरपालिकाले घरनक्शा पासको सम्पूर्णकाम अनलाइनबाट गर्न सुरुआत गरेको छ।

यसका लागि नगरपालिकाले अनलाइनमा आधारित सफ्टवेयर निर्माण गरेको छ। घरनक्शा शाखा प्रमुख इञ्जिनीयर अमृत केसीका अनुसार भूकम्पप्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) ले घरनक्शा निर्माण, सञ्चालन र मर्मतमा परामर्श सेवा उपलब्ध गराएको थियो । नगरपालिकाले विसं २०४९देखि घरनक्शा पासको काम गर्दै आएकामा पहिलो पटकदेखि अनलाइनबाट शुभारम्भ गरेको उहाँले बताउनुभयो।

"एक वर्षसम्म डिजिटल र हार्डकपी दुवैबाट काम गर्छौं र त्यसपछि सम्पूर्ण काम अनलाइनबाट मात्र हुन्छ," उहाँले भन्नुभयो, "त्यसबीचमा सबै तथ्याङ्क डिजिटलीकरण गर्छौं ।" उहाँका अनुसार व्यास नगरपालिकाभित्र आठ हजार ५०० घर नक्शापास गरेर निर्माण गरिएको छ।

नगरपालिकामा प्रत्येक वर्ष सातको सङ्ख्यामा भवन निर्माण भइरहेका छन् । घरधनी भवन निर्माण गर्न अनुमति प्रक्रियाका लागि पटक -पटक नगरपालिकाको कार्यालयमा जानुपर्ने बाध्यताको अन्त्य गर्न अनलाइनबाटै अनुमति प्रक्रियाको काम शुभारम्भ गरिएको नगरपालिकाका वरिष्ठ इञ्जिनीयर रवीन्द्रलाल मूलले जानकारी दिनुभयो । "अहिलेसम्म यहाँ निर्माण गरिएको भवनको डिजिटल डाटावेशको कुनै संयन्त्र छैन, अर्कोतर्फ भवन निर्माणको अनुगमन र भविष्यको योजनाका लागि भवनको तथ्याङ्क राख्ने व्यवस्था भएको छैन," उहाँले भन्नुभयो । नगरपालिकाका लागि प्रभावकारी र सहजरूपमा नक्शा पास प्रक्रिया प्रणालीको विकास गर्न जरुरी देखिएकाले घरनक्शाको माध्यमद्वारा घरधनीलाई सहज प्रणाली, ग्राहक सेवा वृद्धि र भवन निर्माणको तथ्याङ्क सुरक्षित भण्डारणको अवधारणा ल्याइएको हो । अनलाइनबाट भवन निर्माण अनुमति आवेदनको व्यवस्थापन, नक्सापास प्रक्रिया कागजातहरूको सहज भण्डारण, नक्सापास प्रक्रियाको सहज अनुगमन, भवन संहिता तथा भवन मापदण्डमा भएका प्रावधानहरूको अनुपालन जाँचमा सहजता आउने विश्वास लिइएको छ । व्यास डट घरनक्सा नेपाल डटकमबाट यसको सेवा लिन सकिन्छ। समाज नेपालका इन्जिनियर सन्तोष खड्काका अनुसार अनलाइनबाट घरधनीले नक्सापासको प्रक्रियाका बारेमा सहजै जानकारी पाउनेछन्। "घरधनीले आफ्नो कामको प्रगति कहाँसम्म पुगेको छ भन्ने बारेमा पनि यही अनलाइनबाट जानकारी लिन सक्छन्," उहाँले भन्नुभयो, "सम्बन्धित व्यक्तिको विवरण हालेपछि समग्र जानकारी आउँछ ।" घरनक्साको अनलाइन सेवाको शुभारम्भ गर्दै जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले लामो प्रक्रियाका कारण सेवाग्राहीले सास्ती भोग्दै आएकामा अब अनलाइनबाट काम हुने भएपछि सहज रूपमा सेवा लिन पाउने बताउनुभयो। व्यास नगरपालिकाले राजश्व सङ्कलनको काम पनि अब अनलाइनबाट गर्नुपर्नेमा उहाँले सुझाव दिनुभयो । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले सेवाग्राहीमैत्री नगरपालिका बनाउने सोचका साथ घरनक्साको काम अनलाइनबाट शुरु गरिएको बताउनुभयो।

सडक हिलाम्य, यात्रा गर्न सास्ती

पोखरापत्र संवाददाता
म्याग्दी, १९ असोज

म्याग्दी सदरमुकाम बेनीबजारदेखि ग्रामीण भेगसम्म खनिएका सडक हिलाम्य हुँदा सर्वसाधारणलाई यात्रा गर्न सास्ती भएको छ। बाढी र पहिराका कारण सडक ठाउँ ठाउँमा भत्किए पनि तिनको मर्मत हुन नसक्दा यात्रा असहज बनेको छ।

बेनीबजारदेखि ग्रामीण क्षेत्रमा सञ्चालन हुने सात सडकको अवस्था नाजुक छ । सबै सडक जीर्ण अवस्थामा छन् । वर्षाको समयमा आएको बाढी पहिरो र मर्मत सम्हारको अभावमा सडकमै खोलो बग्ने गरेको छ भने कतिपय सडकमा पोखरी बनेको छ। बेनी-अर्थुङ्गे-पुलाचौर, बेनी-पाखापानी, बेनी-बगरफाँट-भकिम्ली, बेनी-हाँडेभीर-बरंजा, बेनी-भकुण्डेलगायत सडक अहिलेसम्म पनि मर्मत गरिएका छैनन् । यात्रुले ज्यानकै जोखिम मोलेर यात्रा गर्न बाध्य छन्।

प्राविधिक अध्ययन र वातावरणीय प्रभाव मूल्याङ्कन नगरिकन जथाभावी डोजर लगाएर खनिएका सडकको अवस्था अत्यन्त दयनीय छ । "यहाँका कतिपय सडकमा थोरै पानी पर्दा पनि मोटरसाइकल समेत चलाउन नमिल्ने हुन्छ", स्थानीयवासी राजकुमार सुवेदीले भन्नुभयो। बेनी-भकुण्डे सडकको अवस्था झन दयनीय छ। बेनी-भकुण्डे सडकमा सवारीसाधन चल्न थालेको १३ वर्ष भयो। तर उक्त सडकको स्तरोन्नति अहिलेसम्म हुन सकेको छैन।

विसं २०६५ मा उक्त सडक सञ्चालनमा आएको हो । साढे सात किलोमिटर लामो सो सडक मर्मतका लागि हालसम्म रु एक करोड खर्च भइसकेको छ। सडकको दिन प्रतिदिन बिग्रिदै गएको स्थानीय शोभित सापकोटाले बताउनुभयो । बेनी-भकुण्डे सडकखण्डमा हालसम्म जीप र मोटरसाइकलबाहेक अन्य ठूला सवारीसाधन सञ्चालन हुन सकेका छैनन् । "पानी नपर्दा मात्रै सवारीसाधन चलाउन सहज हुन्छ", उहाँले भन्नुभयो।

बेनी-बगरफाँट-बरङ्जा सडकको पनि यस्तै अवस्था छ। उक्त सडकको मर्मत गर्न थालेको तीन वर्ष भयो। सडकको अवस्था हालसम्म उस्तै छ । निर्माण व्यवसायी नारायण जिसीले ठेक्का लिएको यो सडकको मर्मत कार्य तीन वर्षमा तीन प्रतिशत पनि हुन सकेको छैन।

सत्र किलोमिटर दूरीको उक्त सडक सदरमुकाम बेनी बजारदेखि दुई किलोमिटर दुरीमा रहेको बगरफाँटसम्म पनि मर्मत हुन नसक्दा सडकमै पोखरी बनेको छ।

सडक स्तरोन्नति र मर्मतको जिम्मा लिएका जिसी कन्ट्रक्सनका जिसीले वर्खामा बाढी पहिरो र त्यस अघि कोरोनाको असरका कारण निर्धारित समयमा नै सडकको काम हुन नसकेको बताउनुभयो। त्यसैगरी बेनी-अर्थुङ्गे-पुलाचौर सडकको अवस्था पनि नाजुक छ। थोरै पानी पर्दा पनि सडकमा हिँड्न गाह्रो हुने स्थानीयवासी शिव बानियाँले बताउनुभयो । बेनी-पाखापानी सडकको अवस्था पनि यस्तै रहेको छ। सडक मर्मतको नाममा स्थानीय सरकार र प्रदेश सरकारबाट करोडौँ रुपैयाँ खर्च भइसकेको छ। सडकको अवस्थामा सुधार हुन नसक्दा यात्रुले सास्ती खेप्नु परेको छ।

चालक अनुमतिपत्रः सङ्घ र प्रदेशको आ-आफ्नै नियम

–सञ्चिता घिमिरे
काठमाडौं, १९ असोज

यातायात व्यवस्था विभागले केही समय पहिले प्रयोगात्मक परीक्षामा ७० प्रतिशत ल्याउनेलाई उत्तीर्ण गरिने गरी परीक्षासम्बन्धी कार्याविधि जारी गरेको थियो । प्रदेश कार्यालयले भने सतप्रतिशत नै ल्याउनेलाई मात्रै सो परीक्षामा उत्तीर्ण गराइरहेको छ।

सङ्घीय ऐनमा पाँचपाँच वर्षमा चालक अनुमतिपत्र नवीरकणको व्यवस्था छ। वाग्मती प्रदेश सरकारले बनाएको ऐनमा भने १०/१० वर्षमा नवीरकरण गर्ने व्यवस्था छ। यसैगरी विदेशमा बनाइएका 'स्मार्ट' चालक अनुमतिपत्रका आधारमा नेपाली चालक अनुमतिपत्र दिइने व्यवस्था सङ्घीय ऐनमा छ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा नेपालीकरणको व्यवस्था भए पनि प्रदेश अन्तर्गतका यातायात व्यवस्था कार्यालयले सोझै अनुमतिपत्र दिन मानेका छैनन्। प्रयोगात्मक परीक्षा (ट्रायल) पास गरेपछि मात्रै अनुमतिपत्र दिन सकिने कार्यालयले जनाउँदै आएका छन्।

चालक अनुमतिपत्र नेपालीकरण, परीक्षा प्रणाली र नवीकरण उदाहरण मात्रै हुन। नयाँ संविधान जारी भएपछि यातायात क्षेत्र खासगरी चालक अनुमतिपत्रमा सङ्घ र प्रदेशबीच कार्यक्षेत्रमा अन्यौलता देखिएको छ । सङ्घले एकाथरी निर्णय गर्दा वा सङ्घीय ऐनमा एकाथरीको व्यवस्था हुँदा प्रदेशले अर्कै किसिमको ऐन बनाएको छ । यातायात प्रदेश सरकारको एकल अधिकार जनाउँदै सङ्घीय सरकारको ऐन, कानून, निर्णय नमान्ने गरेको पाइएको छ।

अनुमतिपत्रमा देखिएका समस्या प्रदेश सरकार आफैँ पनि समाधान नगर्ने र सङ्घीय सरकारको निर्णय पनि नमान्दा समस्या आइरहेको विभागका महानिर्देशक नमराज घिमिरेले बताउनुभयो । अहिले अनुमतिपत्र छपाइ र सफ्टवेयर बाहेक बाँकी सबै जिम्मेवारी प्रदेश सरकारको हो। सफ्टवेयरमा समस्या आउदा सुधारका लागि विभाग तयार रहेको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "प्रदेश आफैँले निर्णय नगरेसम्म हामीले सच्याउन सक्दैनौँ।" सङ्घीय ऐनसँग प्रदेश ऐन बाँझिएकाले पनि पटकपटक समस्या आइरहेको छ । सङ्घीय सरकारले संविधानअनुसार ऐन बनाउन बाँकी छ भने कतिपय प्रदेशले ऐन बनाएर लागू गरि कसकेका छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा विधेयक छलफलका क्रममा रहेको छ। प्रदेशले बनाएको कानून बाझिँदा कसरी कार्यान्वयन गर्ने भनी समस्या देखिन थालेको उहाँले बताउनुभयो। प्रदेशले एकल अधिकारको सूचीमा भएकाले सङ्घीय कानूनको बेवास्ता गरेर ऐन बनाए पनि कार्यान्वयन सजिलो नभएको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यातायातका धेरै विषय अन्तर प्रदेश जोडिने भएकाले कार्यान्वयन सजिलो छैन।" कानूनकै विषयमा कतिपय अस्पष्टता रहेको र कतिपय विषय कार्यान्वयन सजिलो नभएको महानिर्देशक घिमिरेले बताउनुभयो।

प्रदेशभित्र चल्ने सवारीसाधनको भाडादर निर्धारणको जिम्मेवारी प्रदेश सरकारको हो भने अन्तर प्रदेश चल्ने सवारीसाधनमा भाडादर निर्धारणको जिम्मेवारी सङ्घीय सरकारको हो। कतिपय प्रदेशबीचको दूरी १५ मिनेट मात्रै भएको र प्रदेश प्रदेशबीच फरक-फरक भाडादर कायम हुँदा कार्यान्वयन अप्ठेरो हुनसक्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "नयाँ बन्ने सङ्घीय ऐनमा पनि यी कुरा समेट्न खाँचो छ।"लामो समयदेखि अनुमतिपत्र नेपालीकरण रोकिएकाले सेवाग्राही हैरान छन् । पहिले एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालयले नेपालीकरण गर्दा कतिपय कागजात नक्कली भएकाले कर्मचारी कारवाहीमा परेका थिए। त्यसयता अरु यातायात कार्यालयले पनि नेपालीकरण गर्न मानेका छैनन् । गलत काम गर्ने व्यक्ति कारवाहीमा परेपनि ऐनमा भएको व्यवस्था नै कार्यान्वयन गर्दिन भन्न नमिल्ने महानिर्देशक घिमिरेलेबताउनुभयो।उहाँलेभन्नुभयो, "दूतावासबाट सिफारिस ल्याउनु भन्न सकिएला तर कार्यान्वयन नै गर्दिन भन्न मिल्दैन।" सङ्घीयताको कार्यान्वयनसँगै यातायात क्षेत्रमा अधिकार क्षेत्रको विवाद देखिन थालेको हो। पहिले सङ्घीय सरकारअन्तर्गत रहेका कार्यालय प्रदेशअन्तर्गत हस्तान्तरण भए पनि कार्यान्वयनमा भने समस्या देखिएको छ । कानून निर्माणदेखि कार्यान्वनसम्ममा दुवै सरकारबीच समन्वय आवश्यक भए पनि आ-आफ्नो तरिकाले चल्दा यसका मारमा सेवाग्राही परिरहेका छन्।

मनोमानी रोक्न भाडादर कायम गरिने

पोखरापत्र संवाददाता
बागलुङ, १९ असोज

सार्वजनिक यातायात र ट्याक्सीले मनोमानी भाडा लिएको गुनासो आएपछि जिल्ला प्रशासन कार्यालयले भाडादर कायम गरेर लागू गर्ने निर्णय गरेको छ। प्रशासनमा यातायात व्यवस्था कार्यालय, उपभोक्ता मञ्च, प्रहरी, ट्राफिक र व्यवसायीको बैठकले न्यूनतम भाडादर कायम गर्ने र सार्वजनिक सवारी सेवालाई चुस्त तथा विवादरहित बनाउने निर्णय भएको हो।

प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीको अध्यक्षतामा बसेको बैठकले बागलुङ बजारदेखि मालढुङ्गा, कुश्मा, बेनी, कुँडुले, पञ्चकोटसहित गलकोट र बुर्तिबाङ तथा पोखरासम्मका ट्याक्सीको भाडादर बढेको दरमा लिन पाउने न्यूनतम रुपैयाँ काम गरेको यातायात व्यवस्था कार्यालयका प्रमुख पारसिंह थापाले बताउनुभयो । उक्त दरलाई अक्षरशः अद्यावधिक गरेपछि पुनः बैठक बसेर पारित गरी अस्थायी रूपमा लागू गरिने उहाँले जानकारी दिनुभयो।

स्थायी रूपमा भाडादर कायम गर्न भने जिल्ला तहमा अधिकार छैन । सरकारले लागू गर्ने भाडादरलाई जिल्ला तहमा समायोजन गर्ने व्यवस्था छ । बागलुङदेखि गलकोटतर्फ जाने जिप र बस तथा बुर्तिबाङदेखि निसीतर्फ जाने सार्वजनिक यातायातले बढी भाडा असुल गरेकोसमेत गुनासो आएकाले नियमनका लागि व्यवसायी बोलाएको प्रमुख जिल्ला अधिकारी कार्कीले बताउनुभयो। "यात्री ठगिने, गुनासो आइरहने अवस्था हुन नदिन बैठक बस्यौँ", कार्कीले भन्नुभयो, "अब गुनासो नआउने गरी काम गर्नुपर्छ।"

लाइसेन्स नभएका र रुट परमिट नभएका गाडीले पश्चिम बागलुङमा यात्री ओसार्ने गरेको तथा उनीहरूले चर्को भाडा लिएको ढोरपाटन यातायात सेवा प्रालिका सचिव नरबहादुर क्षेत्रीले बताउनुभयो। तर प्रहरीले भने परमिट नभएका मात्र नभई भएकाहरूले पनि बढी भाडा लिएको भेटिएकाले नियमनका लागि बोलाउनु परेको प्रहरी उपरीक्षक कृष्णबहादुर पल्लीमगरले बताउनुभयो।

आइतबारदेखि ट्राफिक प्रहरीले पनि अनुगमनलाई बढाउन थालेको जिल्ला ट्राफिक प्रहरी प्रमुख बद्रीप्रसाद तिमिल्सिनाले बताउनुभयो । "यो समस्या बढी पश्चिम क्षेत्रमा देखिएकाले नियमन र अनुगमन बढाउने तयारीमा छौँ", उहाँले भन्नुभयो।

सबै गाडीको पछिपछि प्रहरी दौडेर नहोला तर नमूनाका रूपमा केही कारबाही गर्ने र नियमित अनुगमन पनि गर्ने उहाँले बताउनुभयो । बैठकले प्रस्तावित भाडादर यातायात व्यवस्था समितिको बैठकमा राखेर निर्णय गराउने तथा दसैँ, तिहारसहितका चाडपर्वमा भीडभाड हुन नदिने र दुर्घटना न्यूनीकरण गर्न नियमित अनुगमन गर्ने निर्णय गरेको हो।

आश्रमबाट घर फर्कदा ...

– रामबहादुर थापा
बागलुङ, १९ असोज

'निर्मला दिदी हामी जान्छौँ, अब घरबाट नहराउनूस् ल, बाइबाइ' मानवसेवा आश्रमकी अभियन्ता सुमिरा लामाले बिदा माग्नुभयो, निर्मला दासले हात हल्लाइरहनुभयो । यो यही असोज ६ गतेको कुरा हो।

विराटनगर-१४ की दासले तीन वर्षअघि छोडेको घरआँगन टेक्दै हुनुहुन्थ्यो । ३२ वर्षीया दास शुक्रबारे हटियामा रहेको घरमा पुग्दा दाइ घरमै हुनुहुन्थ्यो, आमा काममा। हराएकी बैनी टुप्लुक्क घरमा आइपुग्दा विनोद रामका आँखा खुसीले टिल्पिलाए । गुमेको खुसी भेटिएझैँ भयो । छरछिमेकी पनि दङ्ग परे। धेरैतिर खोजी गर्दा पनि दास नभेटिएपछि परिवारजनले आश मार्न थालिसकेका थिए । "आमा काममा जानुभएको रहेछ, निर्मला दिदीलाई उहाँको दाइलाई जिम्मा लगायौँ, घरमा माया र सुसारसहित राख्छौँ भन्नुभएको छ," अभियन्ता लामाले भन्नुभयो।

सडक हुँदै आश्रममा आउनुभएकी दासलाई पारिवारिक पुनर्मिलन गराउन अभियन्ता लामा आफैँ विराटनगर पुग्नुभएको थियो । विसं २०७५ माघमा कास्की, लेखनाथबाट उद्धार गरिनुभएकी दास यहाँस्थित आश्रममा हुनुहुनुहुन्थ्यो । मानसिक विक्षिप्तता लिएर सडकमा अलपत्र पर्नुभएकी दासको आश्रममै नियमित उपचारसमेत हुँदै आइरहेको थियो । बीचमा उहाँलाई पायल्सको पनि समस्या देखिएको आश्रमकी संयोजक लामाले बताउनुभयो । "आश्रममै छँदा उहाँले आफू घर जान चाहेको कुरा बताउनुभयो, घरको ठेगाना पनि भन्नुभयो, त्यसपछि सोधखोज गर्यौँ," संयोजक लामाले भन्नुभयो, "सबैभन्दा ठूलो कुरा दिदीलाई पारिवारिक पुनर्मिलन गराउन सक्यौँ, हामी यसमै खुसी छौँ।" आश्रमको पहिलो उद्देश्य सडकमा अलपत्र र सहाराविहीनको पारिवारिक पुनर्मिलन गराउनु नै हुन्छ । बस्तीमा भएको बाढीको घटनापछि परिवार विस्थापनमा परेका बेला दास हराउन पुगेको आश्रमले जनाएको छ।

बागलुङ नगरपालिका-३ मूलपानीका नगेन्द्र पन्त पनि हराएको १५ वर्षपछि गत वर्ष घर फर्कनुभयो। उहाँको पारिवारिक पुनर्मिलन पनि मानवसेवा आश्रमकै कारण सम्भव बनेको हो। विसं २०६२ मा रोजगारीका लागि मलेसिया जानुभएका पन्त त्यहाँ पुगेको एक वर्षपछि सम्पर्कविहीन हुनुभएको थियो । दुई वर्षअघि मलेसियाबाट फर्केपछि काठमाडौँको सडकमा अलपत्र पर्नुभएका पन्तलाई आश्रमले नै उद्धार गरी यहाँ ल्याएको थियो । आश्रमको बागलुङ शाखामा पाँच महिना बसेपछि बल्ल उहाँले आफ्नो घर मूलपानी भएको बताउनुभएको थियो । अफ्ठेरोमा सहारा मात्र दिएन वर्षौंसम्म बेखबर पन्तको पारिवारिक पुनर्मिलनमा पनि आश्रम नै माध्यम बन्यो । त्यसरी बिर्सिइसकेका र माया मारेका स्वजन अचानक घर फर्कंदा मिल्ने खुसीको वर्णन त तिनै परिवार तथा आफन्तले मात्र गर्न सक्छन्।

"पारिवारिक पुनर्मिलनका लागि पुग्दा कतिपय घरमा त माहोल नै भावपूर्ण हुन्छ, सबैजना खुसीले विभोर हुनुहुन्छ, कसैले सामान्य रूपमा पनि लिनुहुन्छ," संयोजक लामाले भन्नुभयो, "हामी अभियन्ताका लागि त त्यो नै सबभन्दा सुखद क्षण हो।" विसं २०७२ मा यहाँ खुलेको आश्रमले अहिलेसम्म १६ जना सडक आश्रितलाई पारिवारिक पुनर्मिलन गराएको छ। त्यसरी पुनर्मिलन हुनेमा भारतीय नागरिकसमेत छन् । 'हाम्रो चाहना : सबैका लागि खाना, नाना र छाना' को आदर्श वाक्यसहित मानवता प्रवर्द्धन महाअभियानमा सक्रिय रहेको आश्रमले नेपाललाई सडक मानवमुक्त बनाउने लक्ष्य लिएको छ। आश्रमले बेसहारा, अशक्त, असहाय र अभिभावविहीनको उद्धार तथा संरक्षण गर्दै आएको छ।

आश्रमको शाखा यहाँ आएपछि हालसम्म एक सय १९ जनाको उद्धार गरिएको छ । दशजनाले आश्रममै ज्यान गुमाएका छन्। आश्रममा पाएको उपचार र स्याहारसुसारपछि पूर्ण रूपमा स्वस्थ भई नौजना आफैँ घर फर्केका छन्। अहिले ४८ जना आश्रित छन्। केही दिनअघि बङ्गलादेशी महिलालाई उद्धार गरिएको थियो। बागलुङलाई पनि 'सहयोगापेक्षी सडकआश्रित मानवमुक्त जिल्ला' घोषणा गर्ने आश्रमको तयारी छ । सरकारी निकाय र दाताहरूको सहयोगमा आश्रमको आफ्नै भवन निर्माणाधीन छ।

बागलुङ -४ निरयघाटमा रु दश करोडको लागतमा आश्रम बनाउन लागिएको निर्माण समितिका अध्यक्ष शिव खड्काले बताउनुभयो । आश्रम निर्माणमा सङ्घ, प्रदेश र स्थानीय सरकारको समेत लगानी छ। बागलुङ नगरपालिकाले आश्रमको अभिभावकत्व लिएको छ।

अहिले बागलुङ बजारस्थित अर्कैको घरबाट अस्थायी रूपमा आश्रम सञ्चालित छ।

सुविधायुक्त भवन बनेपछि आश्रमको सेवा पनि व्यवस्थित बन्ने जनाइएको छ । ठाउँ अभावले गर्दा अहिले भएको संरचनाबाट धेरै जनालाई आश्रय दिन नसकिने स्थिति छ। नियमित आर्थिक स्रोत नहुँदा व्यवस्थापकीय काममा कठिनाइ उत्पन्न हुने गरेको छ। आश्रमको दैनिक खर्चपर्च स्वयंसेवी दाताको भरमा चलेको छ।

दसैँमा च्याङ्ग्राको मूल्यमा वृद्धिः उपभोक्ता निरासमा

–ध्रुवसागर शर्मा
म्याग्दी, १९ असोज

वर्षभरि जे-जस्तो खाए, लाए पनि दसमा मीठै खाने, राम्रै लाउने नेपाली परम्परा नै बनिसकेको छ।

यही परम्पराको सिको अहिलेको आधुनिक र नयाँ पुस्ताले पनि गर्दै आएको छ। दससँग जोडिएर आउने प्रमुख चिजमध्ये च्याङ्ग्राको मासुका परिकार पनि एक हो। दसको बेला प्रायः नेपालीको घरमा एक दुई छाक भए पनि च्याङ्ग्राको मासु पाक्ने गर्छ तर यस वर्ष भने न्यून आय भएका सर्वसाधारणले च्याङ्ग्राको मासुको स्वाद लिन नसक्ने भएका छन्।

सोमबारदेखि म्याग्दीको सदरमुकाम बेनी बजारमा मुस्ताङ्गी च्याङ्ग्रा भित्रिन सुरु गरेका छन् । पहिलो खेपमा भित्रिएका करिब १५० च्याङ्ग्रा हेर्न कालिपुलमा सर्वसाधारणको भीड नै लागेको भए पनि एक/दुई जनाबाहेक अन्यले किन्ने आँट भने गर्न सकेनन् । कारण थियो, च्याङ्ग्राको मूल्य । रोज्जा च्याङ्ग्रालाई रु ५० हजार बताएपछि धेरै ग्राहक पछि हटे।

कोभिड-१९ का कारण कोरला नाका ठप्प भएपछि यस वर्ष तिब्बतबाट दसमा धेरै भेडा, च्याङ्ग्रा नेपाली बजारमा नआएपछि मुस्ताङमा पालिएका भेडा च्याङ्ग्राको मूल्य पनि आकाशिएको हो। तिब्बतबाट च्याङ्ग्रा ल्याउन नपाउँदा उपल्लो मुस्ताङमा नै एउटै च्याङ्ग्राको भाउ प्रतिगोटामै सातदेखि १० हजारसम्मले महङ्गिएकाले तल झार्दा लागत खर्च, बाटोको समस्याआदि कारणले गर्दा च्याङ्ग्राको मूल्य बढेको लोमान्थाङ्का व्यापारी पासाङ गुरुङले बताउनुभयो।

मुस्ताङमा गत वर्ष व्यापारीले रु २७ हजार प्रतिगोटामा बिक्री गरेको च्याङ्ग्राको भाउ यसपटक च्याङ्ग्रा पाइने मूल थलोमा नै रु ३५ हजार भन्दा माथि पुगेको व्यापारीको भनाइ छ। मूल थलोमै महङ्गो भएपछि बजारमा च्याङ्ग्राको भाउ अझै बढ्न सक्ने च्याङ्ग्रा व्यापारी थानेश्वर खड्काले बताउनुभयो । गत वर्ष पनि कोरोनाका कारण कोरला नाकाबाट च्याङ्ग्रा नभित्रिएपछि मुस्ताङबाट मात्रै रु सात हजार भेडा, च्याङ्ग्रा बिक्रीका लागि पठाइएको र यस वर्ष मुस्ताङमा पनि धेरै भेडा, च्याङ्ग्रा नभएकाले यसको मूल्य बढेको एक दशकदेखि मुस्ताङमा भेडा, च्याङ्ग्राको व्यवसाय गर्दै आएका गुन्जा तेन्जिङले बताउनुभयो।

हिमाली जिल्लालाई लक्ष्य गरेर स्थानीय, प्रदेश र सङ्घीय सरकारले भेडा, च्याङ्ग्रापालन व्यवसायका लागि वर्षेनी करोडौँ रकम लगानी गर्दै आएको छ। मुस्ताङमा पनि भेडा, च्याङ्ग्रा र ऊन प्रशोधनका लागि गण्डकी प्रदेश सरकारको मात्रै करोडौँ लगानी छ। तर सरकारले त्यति धेरै लगानी गरेर प्रोत्साहित गरेको भेडा, च्याङ्ग्रापालनको अवस्था मुस्ताङमा कस्तो रहेछ त भन्ने कुराको उदाहरण दस-तिहारमा भेडा च्याङ्ग्राको अभाव र अस्वभाविकरूपमा भएको मूल्यवृद्धिले देखाएको यहाँका बुद्धिजीवीको भनाइ छ।